# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, बैशाख ११ गते, २०७७ साल (अतिरिक्ताङ्क ४(क)

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

**सार्वजनिक-निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली, २०७६**

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम **“सार्वजनिक-निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली, २०७६”** रहेको छ ।

(२) यो नियमावली प्रदेश सरकार, प्रदेश नं १ बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) “कार्यक्रम” भन्नाले प्रदेश सरकार र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ सँग सहकार्य वा साझेदारी गर्न छनौट भएका कृषि उद्यम सम्बन्धी आयोजना वा कार्यक्रमलाई जनाउँछ ।

(ख) “कार्यक्रम कार्यान्वयन समिति” भन्नाले नियमावलीको नियम ८ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ग) “कार्यक्रमको सचिवालय” भन्नाले यस कार्यक्रमको कार्यान्वयन गर्न स्थापित उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ कृषि उद्यम केन्द्रमा रहने कार्यान्वयन ईकाईलाई सम्झनु पर्छ ।

(घ) “केन्द्र” भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ अन्तर्गतको कृषि उद्यम केन्द्र सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ङ) "कोष" भन्नाले कार्यक्रम सञ्चालनको लागि नियमावलीको नियम ११ बमोजिम स्थापना गरिएको कोष सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले "सार्वजनिक-निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली, २०७६" सम्झनुपर्छ ।

(छ) "निर्देशक समिति" भन्नाले नियमावलीको नियम ६ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ज) "निजी क्षेत्र" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ र यसका संजालमा आबद्ध भएका व्यवसायी र नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ ले सिफारिस गरेको कम्पनी वा फर्मलाई सम्झनु पर्छ ।

(झ) "समितिको सचिवालय" भन्नाले यस कार्यक्रमको निर्देशक समितिको आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहने सचिवालय सम्झनु पर्छ ।

३. कार्यक्रमको उद्देश्य : प्रदेश स्तरमा उपलब्ध साधन, स्रोत र सम्भावनाको समुचित उपयोग गर्ने गरि यस कार्यक्रमको उद्देश्य देहाय वमोजिम रहेका छन् :-

(क) कृषि उद्यमशीलताको विकास गर्ने ।

(ख) कृषिजन्य वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ग) कृषि पर्यटन प्रवर्द्धनसँग सम्बन्धित पूर्वाधारको विकास गर्ने ।

(घ) सीप विकास, आय आर्जन र रोजगारी सृजना गरी गरिबी निवारण गर्ने ।

(ङ) आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि भौतिक पूर्वाधार विकास गर्ने ।

४. <u>कार्यक्रम सञ्चालन हुने क्षेत्रहरु</u> : यो कार्यक्रम सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरूप सम्भाव्यता र आवश्यकताको आधारमा निर्देशक समितिले निर्णय गरे बमोजिम यस प्रदेशका विभिन्न स्थानहरुमा सञ्चालन गरिनेछ।

५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : यो कार्यक्रम कार्यान्वयनका लागि नियम ८ वमोजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहने छ । उक्त समितिले कृषि तथा पशु वस्तुको मूल्य शृङ्खला अभिवृद्धि, कृषि फर्म, फलफूल, तरकारी, जडीबुटी लगायतका कृषिजन्य तथा पशुपालन, मत्स्यपालन लगायतका पशुजन्य उत्पादन प्रशोधन सम्बद्ध भौतिक पूर्वाधार विकास तथा विस्तारका क्षेत्रहरुमा सार्वजनिक-निजी लगानी अभिवृद्धि गर्न उपयुक्त आयोजनाहरुलाई निम्न प्रक्रियाहरु पूरा गरी निर्देशक समितिमा पेश गर्नेछ ।

(क) नेपाल उद्योग वाणिज्य महासंघले आफ्नो सञ्जालमा आबद्ध व्यक्ति वा संस्थाहरुबाट आयोजना वा कार्यक्रमको अवधारणा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

प्राविधिक तथा आर्थिक क्षमता सहितको प्रस्ताव र व्यावसायिक कार्ययोजना तथा आवश्यक अन्य विवरण अवधि तोकि माग गर्ने ।

(ख) आयोजना वा कार्यक्रमको पूर्वसम्भाव्यता वा सम्भाव्यता अध्ययन गरी लाभ-लागत विश्लेषण गर्ने ।

(ग) लाभ-लागत विश्लेषण पश्चात सम्भाव्य देखिएका आयोजना वा कार्यक्रमहरु निर्देशक समिति समक्ष पेश गर्ने ।

(घ) निर्देशक समितिको पूर्व स्वीकृतिमा सम्भाव्य देखिएका आयोजना वा कार्यक्रमको विस्तृतरूपमा अध्ययन गर्ने र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने।

(ङ) विस्तृत परियोजना प्रतिवेदन सहित उक्त व्यावसायिक कार्ययोजनालाई अन्तिम छनौटका निम्ति सार्वजनिक र निजी लगानीको हिस्सा यकिन गरी निर्देशक समिति समक्ष पेश गर्ने ।

(च) निर्देशक समितिबाट अन्तिम छनौट भएका आयोजनाहरु कार्यक्रम कार्यान्वयन समितिले कार्यान्वयनमा ल्याउने छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

६. <u>निर्देशक समिति</u> : (१) कार्यक्रमको अन्तिम छनौट तथा आवश्यक निर्देशनका लागि देहाय वमोजिमका पदाधिकारीहरु रहेको एक निर्देशक समिति रहनेछः

(क) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

(ख) प्रदेश योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य - सदस्य

(ग) प्रदेश लगानी प्राधिकरणको प्रमुख कार्यकारी निर्देशक - सदस्य

(घ) योजना शाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) बजेट तथा कार्यक्रम महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(च) योजना हेर्ने महाशाखा प्रमुख, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(छ) उद्योग हेर्ने महाशाखा प्रमुख, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय - सदस्य

ज) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ - सदस्य

(झ) कृषि क्षेत्र हेर्ने सदस्य, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ - सदस्य

(ञ) कार्यकारी निर्देशक, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ट) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्र - सदस्य

(ठ) सार्वजनिक-निजी साझेदारी हेर्ने शाखा अधिकृत, (आर्थिक मामिला तथा योजना मन्त्रालय) - सदस्य-सचिव

(२) समितिले आवश्यकतानुसार कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहनेछ ।

७. <u>निर्देशक समितिको काम, कर्तव्य तथा अधिकार</u> : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयन समितिबाट पेश भएको प्रस्ताव, अवधारणापत्र तथा व्यावसायिक योजना स्वीकृत वा अस्वीकृत गर्ने, परिमार्जनको लागि फिर्ता पठाउने वा अन्तिम छनौट गर्ने ।

(ख) कार्यक्रमको उद्देश्य अनुरूप संचालन हुने कार्यक्रम तथा बजेट सम्बन्धी विषय स्वीकृत गर्ने, समन्वय गर्ने तथा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रम कार्यान्वयनको सम्वन्धमा विभिन्न निकायहरु बीच समन्वय गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(घ) कार्यक्रमको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने ।

(ङ) प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रशासनिक खर्च तथा आयोजना वा कार्यक्रमको लगानी चौमासिक रूपमा भुक्तानी गर्न सिफारिश गर्ने ।

(२) समितिको निर्णयको कार्यान्वयन सदस्य सचिवबाट हुनेछ।

८. <u>कार्यक्रम कार्यान्वयन समिति</u> : (१) कार्यक्रम कार्यान्वयनको लागि प्रदेश स्तरमा देहाय वमोजिमका पदाधिकारीहरु रहेको कार्यक्रम कार्यान्वयन समिति रहनेछ :

(क) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ - संयोजक

(ख) नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ ले तोकेको कृषि क्षेत्र हेर्ने सदस्य - सदस्य

(ग) नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ ले तोकेको विषय विज्ञ - सदस्य

(घ) नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्रको प्रतिनिधि - सदस्य

(ङ) अधिकृत स्तर प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(च) अधिकृत स्तर प्रतिनिधि, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(छ) अधिकृत स्तर प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

(ज) कार्यकारी निर्देशक, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ - सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यालयमा हुनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

९. <u>कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार</u> : (१) कार्यक्रम कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको उद्देश्य अनुरूप संचालन हुने आयोजनाहरुको अवधारणा, प्रस्ताव र व्यावसायिक कार्ययोजना, निजी र सार्वजनिक लगानीको रकम समेत तय गरी छनौटका लागि सिफारिस सहित निर्देशक समिति समक्ष पेश गर्ने।

(ख) पूर्व सम्भाव्यता अध्ययन भइसकेका आयोजना वा कार्यक्रम निर्देशक समिति समक्ष पेश गर्ने ।

(ग) सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (डीपिआर) तयारी गर्ने स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१

(घ) निर्देशक समितिबाट स्वीकृत भए बमोजिम सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (डीपिआर) तयार गर्ने गराउने ।

(ङ) निर्देशक समितिले दिएका सुझाव र निर्देशन पालना गर्ने गराउने ।

(च) स्थलगत रूपमा कार्यक्रम सुपरीवेक्षण र अनुगमन गर्ने ।

(छ) कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक अन्य कार्य गर्ने गराउने ।

(२) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(३) समितिको निर्णयको कार्यान्वयन सदस्य सचिवबाट हुनेछ।

१०. <u>लगानी अवधारणा</u>: लगानी अवधारणा देहाय बमोजिम हुनेछ :

(क) आयोजना वा कार्यक्रमको प्रशासनिक खर्च नियम ११ बमोजिमको कोषबाट व्यहोरिने छ। जसमा प्रदेश सरकारले ७० प्रतिशत र नेपाल उद्योग वाणिज्य महासंघले ३० प्रतिशत हिस्सा व्यहोर्ने छ ।

(ख) सम्भाव्य आयोजना वा कार्यक्रमको विस्तृत परियोजना अध्ययन प्रतिवेदन लगायतका अन्य सम्भाव्यता अध्ययन र लाभ-लागत विश्लेषण प्रक्रियामा प्रदेश सरकारको अधिकतम ७० प्रतिशत र निजी क्षेत्रको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

न्यूनतम ३० प्रतिशत लागत साझेदारी हुनेछ ।

(ग) निर्देशक समितिले छनौट गरी कार्यान्वयनमा सिफारिश गरिएका प्रत्येक आयोजना वा कार्यक्रमहरुमा लगानी सम्भाव्यताको आधारमा प्रदेश सरकारले अधिकतम ७० प्रतिशत सम्म लगानी गर्न सक्नेछ । निजी क्षेत्रले प्रत्येक आयोजना वा कार्यक्रममा न्यूनतम ३० प्रतिशत लगानी गर्नु पर्नेछ ।

(घ) विस्तृत सम्भाव्यता अध्ययन तथा आयोजना र कार्यक्रममा प्रदेश सरकार, स्थानीय तह र निजीक्षेत्रको सम्झौता बमोजिम लगानी गर्न सकिनेछ ।

(ङ) निर्देशक समितिले छनौट गरी कार्यान्वयनको लागि सिफारिश गरिएका आयोजना वा कार्यक्रमहरुमा लगानी साझेदारीको लागि प्रदेश सरकार र अन्य लगानी साझेदारहरु बीच प्रचलित कानून बमोजिम सम्झौता हुनेछ ।

(च) सम्झौता भइसकेका आयोजना तथा कार्यक्रम बेग्लै निकायको रूपमा प्रचलित कानून अनुरूप दर्ता हुनेछन् । लगानी प्रतिफलका लागि सोही निकायको प्रबन्धपत्र र नियमावली बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

११. <u>कोषको स्थापना र सञ्चालन</u>: (१) कार्यक्रम कार्यान्वयनको लागि कार्यक्रम कार्यान्वयन समितिले सञ्चालन गर्ने गरी एक सार्वजनिक-निजी साझेदारी कार्यक्रम कार्यान्वयन कोष रहनेछ।

(२) कार्यक्रमको आर्थिक स्रोत देहाय वमोजिम हुनेछ:

(क) प्रदेश सरकारबाट प्रशासनिक खर्च बापत प्राप्त रकम,

(ख) प्रदेश सरकारले गर्नुपर्ने लगानी रकम,

(ग) नेपाल उद्योग वाणिज्य महासंघले गर्नुपर्ने लगानी रकम,

(घ) नेपाल उद्योग वाणिज्य महासंघबाट प्रशासनिक खर्च बापत प्राप्त रकम,

(ङ) स्थानीय तहहरुबाट प्राप्त हुने रकम,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाबाट नियमानुसार कोषलाई प्राप्त रकम,

(छ) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(३) उक्त कोषको खाता नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य बैंकमा खोली प्रचलित कानूनको परिधिभित्र रही सञ्चालन गरिनेछ ।

(४) आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारबाट व्यहोरिने रकम प्रदेश सरकारको वार्षिक विनियोजन अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट चौमासिक रूपमा कोषमा निकासा हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(५) कोषको खाता संचालन कार्यान्वयन समितिको अध्यक्ष वा निजले तोकेको प्रतिनिधी र सदस्य सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।

(६) उपनियम (१) को खण्ड (क) बमोजिमको रकम कार्यक्रमको प्रकृति हेरी प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

(७) उपनियम (२) को खण्ड (च) बमोजिमको अन्तर्राष्ट्रिय संघसंस्थाबाट रकम प्राप्त गर्नु पुर्व नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

१२. <u>लेखाङ्कन र लेखा परीक्षण</u> : (१) आयोजना वा कार्यक्रम र कोषको लेखा प्रचलित कानून बमोजिम राखु पर्नेछ ।

(२) आयोजना वा कार्यक्रम र कोषको आन्तरिक लेखापरीक्षण नेपाल उद्योग वाणिज्य महासंघबाट आवधिक रूपमा तथा अन्तिम लेखा परीक्षण रजिस्टर्ड लेखा परीक्षकबाट बार्षिक रूपमा गर्नुपर्नेछ ।

(३) प्रत्येक आर्थिक वर्ष अन्त्य भएको ६ महिना भित्र कोषको अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।

१३. <u>अनुगमन तथा मूल्याङ्कन</u> : अनुगमन मुल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको सञ्चालन, गुणस्तर तथा प्रभावकारिताको बारेमा निर्देशक समिति र कार्यक्रम कार्यान्वयन समितिले समय समयमा अनुगमन तथा सुपरिवेक्षण गर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ख) कार्यक्रमको सचिवालयले चौमासिक तथा वार्षिक रूपमा कार्यक्रमको प्रगति अनुसूची-१ को ढाँचामा तयार गरेर कार्यान्वयन समितिले समीक्षा गरी निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(ग) निर्देशक समितिको सचिवालयले कार्यक्रमको प्रभावकारिताको बारेमा मध्यावधि तथा अन्तिम मूल्याङ्कन गर्नेछ।

१४. <u>भ्रमण सम्बन्धी व्यवस्था</u> : कार्यक्रम कार्यान्वयन एवं अनुगमनको सिलसिलामा हुने भ्रमण सम्बन्धी व्यवस्था प्रचलित कानून अनुरूप हुनेछ ।

१५. <u>प्रतिवेदन दिनु पर्ने</u> : कार्यक्रमको प्रगति प्रतिवेदन कार्यक्रमको सचिवालयले चौमासिक र वार्षिक रूपमा तयार गरी निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ ।

१६. <u>नियमावलीको व्याख्या</u> : कार्यक्रम कार्यान्वयनको सिलसिलामा यस नियमावलीको कुनै प्रावधानले कुनै वाधा अडचन आएमा वा नियमावलीले स्पष्ट रूपमा व्यवस्था नगरेमा त्यसको व्याख्या गर्ने तथा स्पष्ट गर्ने अधिकार प्रदेश सरकारमा रहनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

# अनुसूची-१

(नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

## प्रगति विवरण

१. आ.वः.
२. कार्यक्रम/आयोजनाको नामः
३. स्थान (क) जिल्लाः
(ख) गा.पा. वा न.पा. र वडा नः.
४. आयोजना सुरु भएको मितिः
५. आयोजना पूरा हुने मितिः

६. चालु वर्षको लगानी रकम रु.
(क) प्रदेश सरकारः
(ख) निजी क्षेत्र १:
(ग) निजी क्षेत्र २:
(घ) वैदेशिक लगानीः

७. आयोजनाको कूल लागतः सुरुको: संशोधितः
(क) प्रदेश सरकारः
(ख) निजी क्षेत्र १:
(ग) निजी क्षेत्र २:
(घ) वैदेशिक लगानीः

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | क्रियाकलापको कुल | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | लक्ष्य | बजेट | प्रगति | बजेट | प्रगति | बजेट | प्रगति | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| प्रशासनिक खर्च | | | | | | | | | | |
| पुँजीगत खर्च | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

स्वीकृत मितिः- २०७७/०१/११

आज्ञाले,
दामोदर रेग्मी
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय,



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**